The Monthly Newsletter

# आकुञ्चन

Volume 4, Issue 2022

September 2022 , भाद्र २०७९

## Editorial

Dear Readers,

We feel immensely pleased to publish the Volume IV of our monthly newsletter, Aakunchan. We believe that the writing potential exists in all, but it is the urge to write that a few possess. It has been our constant endeavor to stir this urge by getting our children to write about the things that they feel, see and do. We encourage our students to actively participate in whatever is going around them, which affects their lives. They learn to express themselves confidently as their expression is given rightful exposure.

The articles presented over here are the reflections of the creativities of our students. It is actually a lovely experience for us to see these enthusiastic and budding writers voicing their feelings through stories, poems, jokes and articles.

A person learns from the mistakes and gets inspired with the success. We, as an editorial team, have been trying our best in putting forth the magazine. It has been a new experience for us too. So we expect your constructive feedback which always encourages us to add better flavor to our work. We hope you will shower love to this edition too as like the previous ones.

Regards,

Editorial Team

## Bijeshwori Temple : A Bird's Eye View

- Smriti Kunwar and Ismarika Giri, XII 'C'



Bijeshwori Temple, established in 1655 AD, is situated on the west bank of Bishnumati River in Dhalko, Kathmandu. The temple also goes by the name Vidheshvari Vidhya Yogini, a Newar-Buddhist temple, dedicated to the Vajrayana Buddhist deity Vidhyadhari Vajrayogini in her form as Akash Yogini. The name of the deity 'Vidhyadhari' typically means the 'Knowledge Holder' who is the presiding goddess of this temple.

The Vidhyeshvari Vajra Yogini Temple - also known as the Bijesvari Vajrayogini, Bidjeshwori Bajra Jogini, Bijayaswar, Bidjeswori, or Visyasvari Temple is next to the ancient religious site of the Ramadoli (Karnadip) cremation ground and is on the main path from Swayambhunath stupa (to the west) to Kathmandu.

Vajrayogini's Sadhana originated in Nepal between the tenth and twelfth centuries. Each aspect of the goddess's form is designed to convey a different spiritual meaning. Her vibrant red colored body symbolizes the blazing fire of spiritual transformation as well as life force, blood of birth and menstruation. Her face represents that she has realized all phenomena are of one true nature in emptiness, the arms symbolize the realization of truth and her eyes, the ability to see everything in the past, present and future. Vajrayogini's essence is of great passion- a passion that is free of selfishness and illusion.

Bijeshwori Temple is considered sacred to both Hindu and Buddhist followers. It is a significant pilgrimage for Tibetan Buddhists since the temple is affiliated to Buddhism. Some of the Hindu disciples also regard the place as a sacred Shaktipeeth. On the day of Navaratri in Dashain, a huge fair is organized in this place and also in Chaitra, jatras are organized.

In the temple, the main idol depicts the image of Vajrayogini in her form as Akash Yogini flying through the sky, her right leg bowed up at the knee behind her and her left leg is pulled facing her bosoms with her left arm. Holding a Vajra in the right arm, the goddess holds a khatvanga which lays on her left side shoulder. This image is about 18 inches high. The visitors to the temple are strictly prohibited to take any pictures of the deity.

The Temple is an important pilgrimage place for Tibetan Buddhists and there is a recently constructed Tibetan Buddhist temple nearby. Nepali Hindus regard the place as a sacred Shaktipeeth. The Hindu Devi temple of Sobha Bhagwati stands near by. The temple sustained major destruction during the 2015 Earthquake. As of now, the reconstruction process is underway .

Lastly, Bijeshwori temple gave rebirth to the locality and named Bijeshwori. Our school is also named Bijeshwori Gyan Mandir Sainik Mahavidhyalaya after this temple.

**Source:**
https://www.nepal-travel-guide.com,
https://en.wikipedia.org,
https://nepaltraveller.com


Racing to grasp the success.

*"No tears in the writer, no tears in the reader. No surprise in the writer, no surprise in the reader."*
*-Robert Frost*


Victory followed by celebration


We can race not only on the pitch but also in water.


Winner of Hair-Do competition.

# Mahavidyalaya's Activities, Events & Participations

| Date | Events | Achievements and Winners |
|---|---|---|
| 2079/05/03 & 2079/05/04 | Valleywide Poomsae & Kyorugi Taekwondo Championship<br><br>Organized by Bhaktapur District Taekwondo Association<br>Venue: Bhaktapur Metropolitan Hall | Fighting:<br>U – 37 Kg Female<br>Gold – Laxmi Sunakhari Magar Grade 12<br>U – 40 Kg Female<br>Silver – Seema Thapa Magar Grade 10<br>Poomsae:<br>U – 14 Years Female Single<br>Silver – Anjila Moktan Grade 9<br>U- 17 Years Female Single<br>Bronze – Purnima Basnet Grade 9 |
| 2079/05/12 | Teej Special Dance Competition<br><br>Grade VI - XII | Grade VI – IX:<br>1st – Aakriti Bhatta Grade 7<br>2nd – Dikshya Bhandari Grade 8<br>3rd – Rista Magar Grade 8<br>Grade X – XII:<br>1st – Karina Basnet Grade 12<br>2nd – Reshma Adhikari Grade 12<br>3rd – Prakriti Thapa Magar Grade 10<br>Rubina Chulagain Grade 10 |
| 2079/05/17 | Hair-Do Competition<br>Grade I to III | Winner: Meerisha Gurung 2<br>1st Runner-Up – Joya Manandhar 1<br>2nd Runner-Up - Sadikshya Karki 3 |
| 2079/05/17 | Nepali Paragraph Writing Competition<br>Grade IV & V | 1st – Bipisha Shrestha 5 Red<br>2nd – Parul Pradhan 5 Blue<br>3rd – Ramiksha Karki 4 Blue |
| 2079/05/17 | Nepali Essay Writing Competition<br>Grade VI to IX | Grade VI & VII:<br>1st – Prakriti Chauhan 7 Green<br>2nd – Supriya Panta 7 Green<br>3rd – Pranisha Khatri Chhetri 6 Red<br>Grade VIII & IX:<br>1st – Sandhya Aaran 9 Blue<br>2nd – Karuna Ghale 9 Green<br>3rd – Kristina Manandhar 9 Yellow |
| 2079/05/22 | Inter-House Swimming Competition<br>Grade VII to XII | 1st Vaibhabi Gurung Grade 8 Green<br>2nd Luniva Shrestha Grade 8 Blue<br>3rd Aakansha Silwal Grade 9 Yellow |
| 2079/05/25 | 14th Kathmandu Marathon<br><br>Organized by NRS Sports Foundation<br>Venue: Dashrath Stadium | 5 Km Open Female<br>2nd – Manisha Giri Grade 12<br>5 Km School Girls<br>1st – Aaishma Acharya 9<br>2nd – Bhawana Nath 6<br>3rd – Prakriti Basnet 7 |
| 2079/05/25 | 7th Sainik Mahavidyalaya's SQC Hub Convention<br><br>Venue: SAMV, Chitwan | Members of 'The Benevolents'<br>Prashamsa Bhandari 10<br>Bandana Katwal 10<br>Ojaswi Susling 10<br>Garima Acharya 9<br>Ritika Dhamala 9<br>Palpasa Kafle 8<br><br>Collaborative Collage:<br>1st – Ritika Dhamala 9<br>3rd – Garima Acharya 9 |

## Photo of the Month



## What Loneliness Feels Like

*- Kritika Pandey , VII'B'*

Like the lonely moon in the sky,
As the lonely sun in the sky.
Why does this atmosphere feel so dry ?
Every single moment makes me cry.
Why is a drop of tears so cheap?
I wish to go into a deep sleep.
I wish to be cheerful as, they are.
I wish to get out of this stuffed jar!
In this whole group of cheerful people,
I feel like I am the only one sad.
I wonder if I have ever made them mad.
I fear I might make their day bad.

## प्राचीन जीवनशैली र यसको महत्त्व

**- पूर्णिमा बस्नेत, १० ख**

प्राचीनको मतलव पुरानो र दैनिक गरिने काम, बाँच्ने ढङ्ग वा आधारलाई जीवनशैली भनिन्छ । पुरानो तरिकाबाट आफ्नो दैनिकी अघि बढाउनु नै प्राचीन जीवनशैली हो । यसमा पहिलेका मानिसहरूको बानी, स्वास्थ्य, काम गर्ने तरिका आदि पर्दछन् । प्राचीन कालमा गरिने सम्पूर्ण कुराहरूको निकै महत्त्व छ। अहिलेको जीवनशैलीभन्दा प्राचीन जीवनशैलीले निकै नै महत्त्व बोकेको छ । यसबाट जिउने ढङ्ग र काम गर्ने शैली सिक्ने अवसर प्राप्त हुन्छ । प्राचीन जीवनशैलीका आधारमा आफ्नो दिनचर्यामा अलिक भिन्न मोड ल्याउन सकिन्छ ।

उहिलेका खानपानको कुरा आउँदा सर्वप्रथम मानिसहरू आफैं खेतीपाती गर्थे, दिन रात मिहिनेत गरेर बाली उब्जाउँथे जसले गर्दा उनीहरूलाई कसरत हुन्थ्यो र स्वस्थ हुन्थे । घरका खानेकुरा मात्रै खान्थे । स-परिवार साथमा भुँइमा पलेंटी कसेर खाने चलन थियो । भुँइमा त्यसरी बसेर खाँदा खाना राम्ररी पच्छ पनि र अर्को कुरा आफ्नो परिवारसँग बसेर खाँदा जुन आनन्द हुन्छ त्यो संसारको कुनै कुराले दिन सक्दैन । विनामिसावटको खाना खाँदा पहिलेका मानिसहरू धेरै बलिया थिए । त्यसकारण, जहाँ जान परे पनि हिंडेरै पुग्थे भने केही काम परे भेटेरै कुराकानी गर्थे । बिहान पनि चाँडै उठेर घरको सबै काम सकेर मेलातिर लाग्थे । उनीहरू शारीरिक र मानसिक दुवै रूपमा बलिया र जाँगरिला थिए । सादाजीवन जिउन नै रुचाउँथे । न सम्पत्तिको केही लोभ थियो न त केही चिन्ता नै । घरहरू टाढा हुन्थे तर मनचाँहि नजिक । अहिलेको जस्तो न त कुनै प्रविधि थियो न त काम गर्न कुनै मेसिन । मानिसहरू नभए पनि घरेलु तरिका प्रयोग गरी काम गर्थे। उदाहरणका लागि जाँतो मानिसहरू मास पिस्न प्रयोग गर्छन् । जसका कारण उनीहरूको हातको व्यायाम हुन्छ । पढ्न जाँदा पनि धेरै कष्ट हुन्थ्यो तर पनि पढाइमा लगनशील हुन्थे । अहिलेजस्तो कसैको मतलव नगर्ने कोही थिएनन् । नारीहरू आफ्नो शरीर ढाकिने पोसाक लगाउँथे । समयको परिवर्तनसँगै सबै कुरा बदलिँदोरहेछ । यस युगमा आइपुग्दासम्म सबै चिजमा परिवर्तन आयो । सबै रुखहरू काटिन थाले र ठुल्ठुला घर, कारखाना बन्न थाले र यसले वातावरणमा धेरै असर परेको छ । मानिसहरू रोगी भएका छन् । पाँच, दश मिनेटको बाटो हिंड्न सक्तैनन् । सबै कामका लागि अरूमा भर पर्छन् । बिहान उठ्ना साथ मोबाइल चलाउँछन् । जुन कारणले आँखा बिग्रिन्छ । अहिलेका मानिसहरु प्रशस्त मात्रामा आफ्नो शरीरलाई चाहिने खानेकुराहरू खाँदैनन्।हुन त पहिलेका सबै प्रविधि पहिलेकै साधनमा आधारित छन्।जस्तै : कोललाई मिक्स्चरले प्रतिस्थापन गरेको छ भने हलोलाई ट्र्याक्टरले यसरी नै प्राचीन प्रविधिमा आधारित गराएर आधुनिक प्रविधिको निर्माण गरिएको छ । अहिलेको समयमा आएका परिवर्तन सबै नराम्रा पनि छैनन् र सबै राम्रा पनि छैनन् । केही प्रविधि प्राचीन समयकै ठिक थिए भने केही अहिलेका अब त्यसलाई हटाएर प्राचीन जीवनशैली जिउने कि अहिलेको यो हामीमै निर्भर पर्छ । आफ्नो संस्कृति र पहिरनलाई जोगाएर राखुपर्छ भन्ने त हामी सबैलाई थाहै छ।तर, जब हामी आफैं यस कामका लागि अघि सर्दैनौं त सम्म यो सम्भव नै छैन । सबै कुरा गहिरिएर सोच्दा वास्तवमा आधुनिकभन्दा प्राचीन जीवनशैली नै बेस थियो भन्न सकिन्छ।

## विद्यार्थी जीवन

**- निशङ्का रिजाल, ७ क**

जराजरा फैलिँदै गएर ठूलो वृक्ष बन्दछ
असार किसानको परीक्षा हो
मङ्सिरको नतिजामा रम्छ ।
भविष्यको आस
हरेक विद्यार्थीको आँखामा देखिन्छ
समय बिराउँदै कोपिला
गुलाबमा फर्कन्छ ।
परिश्रम र ज्ञानको बोली छ हरेक सासमा
के बनूँला म भन्ने आसमा
गर्नुपर्छ हरेक काम अनुशासनमा रही
अनि अस्तित्व रहन्छ प्रमदाभन्दा बढी
गलत सङ्गत विद्यार्थीलाई वज्र प्रहार हो
बाटो चुन्न नसक्नु नै
जङ्गबहादुर र भानुभक्तमा भिन्नता रह्यो
विद्यार्थी जीवन कोमल कोपिलासरि हो
जो जित्यो ऊ महान् भयो
जसले जित्न सकेन
उसको रहर अधुरै रह्यो ।

एक थोपा मसीले लाखौं मानिसहरूमा विचार उत्पन्न गर्न सक्छ ।

-लर्ड बाइरन

Correction:
The writer of the article entitled 'Thanka Painting in Nepal' published in Vol-II of Aakunchan has been corrected to 'Preeti Acharya, XII 'A'.




# महाविद्यालय भवनको नाम नक्षत्रका नामबाट

<u>आकुञ्चन समाचारदाता</u>

श्री विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयको मिति २०७९ जेठ २७ गते को आन्तरिक सञ्चालक समितिको निर्णयअनुसार महाविद्यालयले आफूले प्रयोग गरिरहेका शैक्षिक, प्रशासनिक तथा आवासीय भवनहरूको विभिन्न नक्षत्रका नामबाट नामकरण कार्य सम्पन्न गरेको छ ।

जसअनुसार, कक्षाकोठाहरू भएको भवन, भाइस-प्रिन्सिपलको कार्यालय, तहगत संयोजकहरूको कक्ष, कम्प्युटर ल्याव, शिक्षकहरूको रुम, चित्रकला कक्षा सञ्चालन भइरहेको भवनको नाम 'अश्विनी', कक्षाकोठाहरू, भाषा प्रयोगशाला, मल्टिमिडिया रुम, स्कुल म्युजियम, शिक्षकहरूको स्टाफ रुम तथा विज्ञान प्रयोगशाला भएको भवनको नाम 'कृतिका', प्रिन्सिपलको कार्यालय, सम्पर्क अधिकृतको कार्यालय, सहायक प्रशासकको कार्यालय, सङ्गीत कक्षा, लेखा कार्यालय, क्यान्टिन तथा प्रशासनिक कक्ष रहेको भवनको नाम 'रोहिणी', मनोरञ्जन हल, तेक्वान्दो हल, विज्ञान प्रयोगशाला तथा पुस्तकालय रहेको भवनको नाम 'मृगशिरा', छात्रावास तथा डाइनिङ हल रहेको भवनको नाम 'स्वाती', छात्रावास तथा रासन स्टोर रहेको भवनको नाम 'पुनर्वसु', अडिटोरियम हलसहितको कक्षाकोठा भएको नयाँ भवनको नाम 'रेवती', अडिटोरियम हलको नाम महाविद्यालयका संस्थापक अध्यक्ष, तत्कालीन संरक्षक तथा सैनिक श्रीमती संघका पूर्वाध्यक्ष श्रीमती कविता थापाको नामबाट 'कविता हल' तथा मनोरञ्जन हलको नाम सरस्वतीको सातौं नामबाट 'कौमारी हल' राखिएको छ ।

विद्यार्थीहरू भनेका राष्ट्रका समुज्ज्वल नक्षत्र भएका तथा नक्षत्रहरूले सकारात्मक भावना एवम् नारी शक्ति र सिर्जनालाई प्रतिबिम्बित गर्ने भएकाले 'अभिजित' नामक अतिरिक्त नक्षत्रसहित २८ वटा नक्षत्रमध्येबाट केही नाम छनोट गरी सोही आधारमा विद्यार्थीहरू अध्ययन गर्ने भवनहरूको नामकरण गरिएको विद्यालय प्रशासन स्रोतले जानकारी दिएको छ । साङ्केतिक नामकरणअनुसार 'अश्विनी' नक्षत्रलाई नक्षत्र मण्डलको पहिलो नक्षत्र मानिन्छ यसअन्तर्गत तीनवटा ताराहरू पर्दछन् । 'अश्विनी' शब्दको अर्थ 'घोडाको अनुहार भएकी स्त्री' भन्ने बुझिन्छ । 'अश्विनी' लाई स्त्रीको सिर्जना शक्ति तथा निरन्तर यात्राको प्रतीक समेत मानिन्छ । नक्षत्र मण्डलको गणनामा तेस्रो क्रममा रहेको 'कृतिका'अन्तर्गत सातवटा ताराहरू रहेका छन् । यसको प्रतीकात्मक अर्थ 'पार्वती पुत्र कार्तिकेयका पालक तथा कार्य सिद्धि गर्ने नारीजन' भन्ने बुझिन्छ । नक्षत्र मण्डलको गणनामा चौथो क्रममा रहेको 'रोहिणी'अन्तर्गत चारवटा ताराहरू पर्दछन् । यसको अर्थ 'आरोहण गर्ने महिला' भन्ने हुन्छ भने यस नक्षत्रलाई सम्पन्नताको प्रतीकाका रूपमा तथा नौ वर्ष पुगेपछि पूजा गरिने कन्याका रूपमा समेत चिनिन्छ । नक्षत्र मण्डलको गणनामा पाँचौ क्रममा रहेको 'मृगशिरा'अन्तर्गत तीनवटा ताराहरू पर्दछन् । साहस र समझदारीको प्रतीकका रूपमा रहेको यस नक्षत्रको अर्थ 'मृगको शिरजस्तो आकार भएको' भन्ने बुझिन्छ । नक्षत्र मण्डलको गणनामा सातौं नक्षत्रको रूपमा रहेको 'पुनर्वसु'अन्तर्गत दुईवटा ताराहरू पर्दछन् । शुभ र प्रगतीतर्फ उन्मुख भएको मानिने यस नक्षत्रले पटक पटक धन, मान र यश प्राप्त हुने विषयतर्फ सङ्केत गर्दछ । नक्षत्र मण्डलको गणनामा १५औं नक्षत्रका रूपमा रहेको 'स्वाती'अन्तर्गत एउटा मात्र तारा पर्दछ। स्वतन्त्रता, चञ्चलता र भ्रमणप्रिय नक्षत्रका रूपमा परिचित यसलाई शुभ नक्षत्र पुञ्जसमेत मानिन्छ । त्यसैगरी, नक्षत्र मण्डलको गणनामा अन्तिम नक्षत्रका रूपमा रहेको 'रेवती'अन्तर्गत ३२ वटा ताराहरू समूह पर्दछन् । धनी वा प्रतिष्ठित भन्ने अर्थ बुझाउने यस नक्षत्रलाई शुभ, परिवर्तनदायी तथा मोक्ष र आनन्दको प्रतीक मानिन्छ ।

स्वदेशी संस्कृतिलाई भुल्दै विदेशी संस्कृतिको नक्कल गर्नुलाई नै आफ्नो प्रतिष्ठा ठान्ने वर्तमान युगमा आफ्नो धर्म, संस्कृति, रीतिरिवाज, शास्त्रीय मान्यता एवम् जीवनशैलीलाई समेट्दै भवन तथा सभाकक्षको नामकरण गरिनु अवश्य नै महाविद्यालयको प्रशंसनीय कार्य हो भन्ने कुरामा दुई मत छैन । यस महाविद्यालयले लिएको यस्तो सुझबुझपूर्ण निर्णयको सिको गर्दै अगाडि बढ्न सके अवश्य नै हाम्रा सामाजिक तथा नैतिक मूल्य मान्यतालाई सग्लो रूपमा आगामी पुस्तालाई हस्तान्तरण गर्न सकिन्छ । सिङ्गो समाज हाम्रा असल मूल्य मान्यतालाई संरक्षण गर्दै अगाडि बढेको खण्डमा नेपाली समाजले पनि हामीले चाहेको गतिमा काँचुली फेर्न सक्छ भन्नु अत्युक्ति नहोला कि !


**Patrons**

Ms. Kanti Thapa Karki (Principal)
Major Rubica Chand (Liaison Officer)

**Advisor**

Mr. Janarjan Ghimire (Vice Principal)
Mr. Bel Bhakta Thapa (Asst. Administrative Head)

**Teacher Editors**

Mr. Jib Lal Fullel ( English Dept.)
Mr. Yani Ram Dahal (Nepali Dept.)
Ms. Muna Khadka (Nepali Dept.)
Ms. Rita Jha (English Dept.)
Ms. Sabita Upadhyaya (Social Dept.)

**Designer**

Mr. Ujjwal Shrestha (Computer Dept.)
Mr. Dipesh Shrestha (Administration)





**Contact Information:**

*Name:* *Bijeshwori Gyan Mandir Sainik Mahavidyalaya*
*Address:* *Bijeshwori-15, Swoyambhu, Kathmandu*
*Ph. No.:* *01-4271498*
*Email:* *info@bgmsm.edu.np*
*Website:* *https://www.bgmsm.edu.np*
*Facebook:* *https://www.facebook.com/bgmsmv*
*Youtube Channel :* *Bijeshwori Gyan Mandir*